## अव...

जोखिम भत्ता उपलब्ध गराइने बताए । 'अर्थमन्त्रालयसँग रकम माग गरेका छौँ', उनले भने ।

मन्त्री खतिवडाले कोरोना भाइरस विरुद्धको लडाइँमा अमेरिकालगायत छिमेकी मुलुकसँग सँगसँगै अगाडि बढ्ने बताए । स्वास्थ्य बीमालाई सहज बनाइने उनको भनाइ थियो । अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले नेपाललाई कोरोना भाइरसविरुद्धको लडाईमा अमेरिकी सरकारले सुरुदेखि नै साथ दिएको बताए ।

उनले कोभ्याक्समार्फत नेपाललाई फेरि खोप उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । सो अवसरमा उनीहरुले अस्पतालमा खोप लगाएको अवस्थाको अनुगमन समेत गरेका थिए । कार्यक्रममा स्वास्थ्य सचिवव डा रोशन पोखरेल, नेपालस्थित अमेरिकी राजदूत र्‍याण्डी बेरीलगायतको उपस्थित थियो । फाइजर खोपको पहिलो मात्रा लगाउने अभियान यही कात्तिक २८ देखि मंसिर ४ गतेसम्म देशभरका २४ अस्पतालबाट सञ्चालन भइरहेको छ । अमेरिकी सरकारले कोभ्याक्स सुविधामार्फत नेपाललाई एक लाख ६२० मात्रा खोप उपलब्ध गराएको हो ।

## विदेशमन्त्रीको...

सम्झौतामा भएका कतिपय बुँदा नेपालको हितअनुकल नभएको भन्दै नेपालमा प्रश्न उठाइएका कारण एमसीसी चार वर्षदेखि संसदबाट अनुमोदन हुन सकेको छैन । यद्यपी एमसीसी परियोजना कार्यान्वयन गर्ने मुख्य निकाय एमसीए नेपालले परियोजना कार्यान्वयनका लागि जग्गा अधिग्रहणलगायतका काम अघि बढाएको छ भने ठूलो रकम समेत खर्च गरिसकेको छ ।

## ओली...

वरिष्ठ उपाध्यक्षले अध्यक्षको काममा आवश्यक सहयोग गर्ने, अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने काम गर्ने, अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरु गर्ने, केन्द्रीय कमिटी र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरु गर्ने जिम्मेवारी पाउनेछ ।

अध्यक्षपछिको पार्टीमा जिम्मेवार पद खडा गरेको हुनाले ओलीले आफ्नो विश्वासपात्रलाई वरिष्ठ उपाध्यक्षमा ल्याउन चाहेका छन् । त्यसैले ओलीको पहिलो रोजाइमा पर्छन् महासचिव ईश्वर पोखरेल । उनले अब फेरि महासचिवमा उम्मेदवार नबन्ने घोषणाले आफूलाई वरिष्ठ उपाध्यक्षको दाबेदारका रुपमा प्रस्तुत गरिसकेका छन् ।

यता, ओलीलाई सर्वसम्मत अध्यक्ष बन्नबाट रोक्न खोज्ने उपाध्यक्ष भीम रावलले पनि वरिष्ठ उपाध्यक्षमा आफ्नो अधिकार सुनिश्चित गर्न खोजेको एमाले निकट नेताहरु बताउँछन् ।

'उहाँले अहिले अध्यक्ष दाबी गरेर वरिष्ठ उपाध्यक्ष पदलाई सुरक्षित गर्न खोज्नुभएको जस्तो देखिन्छ । अध्यक्षज्यूले पार्टीमा एकताबद्ध बनाउनका लागि सर्वसम्मतको खोजी गरिराख्नुभएको छ' ओली निकट एक नेताले भने ।

वरिष्ठ उपाध्यक्षमा पोखरेलसहित सुवासचन्द्र नेम्वाङ, भीम रावल, माओवादी केन्द्रबाट आएका रामबहादुर थापा बादलले पनि दाबी प्रस्तुत गर्न सक्छन् । तर, उनीहरुले मुख खोलेका छैनन् ।

विधानमा एमालेले एकजना महासचिवको व्यवस्था गरेको छ । नवौं महाधिवेशनमा निर्वाचित महासचिव पोखरेलले सोही पदमा नबस्ने बताइसकेका छन् । अध्यक्ष ओलीले पार्टीको महत्वपूर्ण जिम्मेवारीमा आफ्नो विश्वासपात्रलाई नै ल्याउन चाहेका छन् ।

महासचिवमा ओलीको विश्वासपात्रको रुपमा चिनिएका विष्णु पौडेल र शंकर पोखरेलको चर्चा छ । यस्तै, महासचिवमा पार्टी विभाजनको क्रममा माधव नेपालको साथ छाडेका सुरेन्द्र पाण्डेले पनि दाबी गरिरहेका छन् ।

उपमहासचिव घनश्याम भुसाल र सचिव प्रदीप ज्ञवालीको पनि दाबी रहनसक्ने अनुमान गरिएको छ । सचिव पदमै दोहोर्‍याउनका लागि भए पनि महासचिवमा दाबी गर्नुपर्ने अवस्था छ । अध्यक्ष ओलीले आफू निकट नेता ल्याउन खोजेकाले महासचिवमा पौडेलको सम्भावना बढी देखिन्छ ।

तर, पार्टी विभाजनको बेलामा माधव नेपालको साथ छाडेका सुरेन्द्र पाण्डे पछिल्लो समय ओलीसँग नजिक भएका छन् । महाधिवेशन आयोजक कमिटीको संयोजन गरिरहका पाण्डेले ओलीबाट महासचिवको आश राखेका छन् । उनले सार्वजनिक रुपमै आफ्नो महासचिवमा दाबी रहने बताइसकेका छन् । त्यसो त पोखरेल पनि कमजोर प्रतिस्पर्धी होइनन् ।

## सस्थापन...

एकताबद्ध राख्नुपर्ने चुनौती पौडेलसामु छ । १३ औं महाधिवेशनमा पौडेललाई साथ दिएका पूर्वमहामन्त्री प्रकाशमान सिंह, महामन्त्री डा. शशांक कोइराला तथा नेता डा. शेखर कोइराला आफैं सभापतिको प्रत्यासी बन्ने तयारीमा छन् । पूर्वमहामन्त्री सिंहले पौडेल पक्षको बैठक नै बहिष्कार गरेर सभापति लड्ने तयारी थालेका छन् । शशांक र शेखरबीच जारी संवाद निष्कर्षमा पुगे दुईमध्ये एकजना उम्मेदवार रहन सक्छन् । अर्कोतिर १३ औं महाधिवेशनमा सभापति लडेर तेस्रो धार बनाएका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला विस्तारित टिमसहित सभापति लड्ने तयारीमा छन् ।

देउवाबाहेक सभापतिमा दाबी गरिरहेका सबै नेताको एउटा एजेण्डा साझा छ । सबैले नेतृत्व परिवर्तन अपरिहार्य रहेको बताउँदै आएका छन् । आफूलाई देउवाको विकल्पका रूपमा प्रस्तुत गर्ने सबै उम्मेदवार देउवाको नेतृत्वमा कांग्रेस सुदृढ हुन नसक्ने बताउँछन् । यद्यपि देउवाविरुद्ध साझा उम्मेदवार बनाउन भने सफल भएका छैनन् ।

देउवालाई नेतृत्वबाट विस्थापन गर्ने साझा एजेण्डा बोकेका प्रत्यासीहरूको रणनीति पनि साझा नै छन् । देउवाबाहेकका सबै उम्मेदवार पहिलो चरणको निर्वाचनमा दोस्रो बन्न चाहन्छन् । कांग्रेसको विधानअनुसार सभापतिमा निर्वाचित हुन ५० प्रतिशतभन्दा बढी मत ल्याउँनुपर्ने हुन्छ । १३ औं महाधिवेशनमा देउवा, पौडेल र सिटौला उम्मेदवार रहँदा पहिलो चरणमा कसैको पनि ५० प्रतिशत मत नकटेपछि देउवा र पौडेलबीच दोस्रो चरणको निर्वाचन भएको थियो । पहिलो चरणमा परिणाम नआए सर्वाधिक मत ल्याउने शीर्ष २ उम्मेदवारबीच दोस्रो चरणको प्रतिस्पर्धा हुने कांग्रेस विधानको व्यवस्था छ । सोही विधान अनुसार देउवाविरुद्ध पहिलो चरणमा दोस्रो हुने र दोस्रो चरणमा पहिलो हुने रणनीति संस्थापनइतर पक्षका सबै उम्मेदवारहरूको रहेको छ ।

## अब मुद्दा ...

धर्नाकारी वकिलमाथी प्रहरी हातपात भएको थियो । बारले यो घटनालाई गम्भीर रुपमा लिएको जनाएको छ ।

न्यायधीशहरु काममा फर्कने भएपछि प्रधान न्यायाधीश जबरालाई केही राहत भएको छ भने बारको आन्दोलन शिथिल हुने संकेत देखिएको छ ।

# शैक्षिक अभिवृद्धिमा सहयोग गर्न युनेस्कोलाई आग्रह

■ सौर्य समाचार

काठमाडौं । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले नेपालको शैक्षिक विकास र कोभिड-१९ को महामारीबीच शैक्षिक निरन्तरताका लागि सहयोग अभिवृद्धि गर्न युनेस्कोलगायत अन्तर्राष्ट्रिय संस्थालाई आग्रह गरेका छन् ।

फ्रान्सको पेरिसमा आयोजित युनेस्कोको ४१ औं महासभामा भाग लिएर स्वदेश फर्कनुभएका उनले आफूले ती संस्थाका प्रतिनिधिलाई सो आग्रह गरेको जनाए । उनले स्वदेशमै रोजगारीका अवसर सिर्जनाका लागि सीपमूलक शिक्षा र शैक्षिक गुणस्तरमा जोड दिनुपर्ने भएकाले त्यसमा अन्तर ा्ष्ट्रिय समुदायको सहयोग आवश्यक रहेको बताए ।

मन्त्री पौडेलले त्यहाँ रहँदा नेपाली जनप्रगतिशील मञ्च, फ्रान्सले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा शिक्षा, स्वास्थ्य र रोजगारमा नेपालले प्रगति गर्दैं गएको बताएका थिए । मन्त्री पौडलका साथ शिक्षा मन्त्रालयका सचिव रामप्रसाद थपलिया, युनेस्को नेपालका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव डा बाबुराम अधिकारी प्रतिनिधिमण्डलमा थिए ।

# राप्रपा महाधिवेशन सर्‍यो

## मङ्सिर १६ देखि १८ गतेसम्म काठमाडौंमा हुने

■ सौर्य समाचार

काठमाडौँ, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को महाधिवेशनको पूर्व निर्धारित मिति सरेर यही मङ्सिर १६ देखि १८ गतेसम्म काठमाडौंमा हुने भएको छ । यही मङ्सिर ११ देखि १३ गतेसम्म हुने भनिएको उक्त अधिवेशन कार्यसूचीअनुसार कार्य सम्पन्न हुन नसकेपछि पार्टीको निर्वाचन समितिको बिहीबार बसेको बैठकले अधिवेशन के ही दिन पर सारेको पार्टीका वरिष्ठ नेता राजाराम श्रेष्ठले जानकारी दिए । विसं २०७६ फागुन २८ मा तत्कालीन राप्रपासँग राप्रपा संयुक्तको एकता भएपछि पहिलो पटक हुन लागेको अधिवेशनमा र ाजनीतिक, आर्थिक, सामाजिक कार्यपत्र प्रस्तुत गरिनेछ भने अन्तरिम विधानलाई संशोधन गरी नयाँ कार्यसमितिको निर्वाचन गरिनेछ ।

अहिलेसम्म ७६ जिल्लामा अधिवेशन सम्पन्न भएको छ भने एकलाख ४१ हजार सक्रिय सदस्यको नामावली अभिलेख गरिएको छ । सक्रिय सदस्य थप हुनेक्रम जारी रहेको राप्रपाले जनाएको छ ।


बलेफी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

आशयपत्रको लागि सूचना !

मिति २०७८/०८/०३

यस गाउँ कार्यपालिकाको कार्यालयले निम्नानुसारको औषधी सप्लाइ गर्ने कार्यका लागि निर्धारित मिति भित्र दर्ता भएको बोलपत्रहरुमध्ये तपशिलको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले मूल्याङ्कन समितिको प्रतिवेन अनुसार सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठोक्का नं/ कामको विवरण | बोल कबोल रकम (मु. अ. क. बाहेक) | बोलपत्र दाताको नाम र ठेगाना |
|---|---|---|---|
| १. | BRM/NCB-M-01/2078-079 Procurement and Supply of Medicines | ७,९६,३१२।०० | हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लि मैतिदेवी काठमाण्डौ |

प्रमुख प्रशासकीय अधिकृत



Baragadhi Rural Municipality

Office of Rural Municipal Executive

Khopawa, Bara

**Intention for Award of Contract**

Date of Publication: 2078/08/03

Pursuant to clause 27 (2) and 47 (3) of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the invitation for bids published on the Prabhav National Daily Newspaper on 2078/06/22. Baragadhi Rural Municipality intends to award the contract to the same.

| S.N. | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price excluding VAT Rs. |
|---|---|---|---|
| 1 | BGRM/BARA/W/NCB/2078-79/01 (Ek Ghar Ek Chapakal Jadan Karyakram) | M/S Sagar Construction, Mahagadhimai Municipality-01, Bara | 71,00,486.76 |

*Chief Administrative Officer*



Bheerkot Municipality

Office of the Municipal Executive

Bayarghari, Syangja

**Invitation for Online Sealed Quotation (SQ No. BM/MI/SQ/03/078-79)**

Date of first Publication:2078/08/03 (19 Nov, 2021)

1. Bheerkot Municipality invites online sealed quotations from registered medicine Suppliers for the supply & delivery of medicine items mentioned below:

| Contract no. | Description | Bid security amount (NRs.) | Cost of bidding document (NRs.) | Bid validity period |
|---|---|---|---|---|
| BM/MI/SQ/ 03/078-79 | Supply & Delivery of medicine items | 50000.00 | 1000.00 | 75 days |

2. Eligible Bidders may obtain further information from Bheerkot municipality, office of the municipal executive, Bayarghari, syangja, ***website: www.bheerkotmun.gov.np, telephone no. 063-400106/063-400177*** and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically & may download the bidding documents from PPMO's e-GP www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit non-refundable fee of NRs. 1000.00 in the following account.
   *Name of the Bank: Mega Bank Nepal Ltd.*
   *Name of Office: Bheerkot Municipality*
   *Account No. Ga 1-1-1060010027358 (Internal Revenue Account)*
4. Sealed bids must be submitted through e-GP system i.e, www.bopatra.gov.np/egp before 12:00 on 2078/08/19 (05 Dec, 2021). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2078/08/19 (05 Dec, 2021) at 13:00 at the office of Bheerkot Municipality. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account:
   *Account Name: Ga-3 Dharauti* *Bank Name: Mega Bank Nepal*
   *Bank Address: Bayarghari, Syangja* *Account Number: 1060010005898*
   and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Chief administrative officer



**Qatar मा रोजगार** Bint Al Deera Ladies Saloon WLL

पुर्व स्वीकृती मितिः २०७८/०८/०२ चलानी नं. ६०१६७९९४ LT No.: 250202

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Gen Cleaner | 02 | साधारण | 1200 | ३८,५६४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०७८ मंसिर १० र १२ गते (Nov.26 & 28, 2021) यस प्रा. लि. को कार्यलय बसुन्धारा काठमाडौमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Relation Employment Service Pvt. Ltd. Lic. No. 906/067/068

Basundhara, Kathmandu, Nepal, Ph: 4959803, 4960094



**Saudi मा बैदेशिक रोजगारको अवसर**

ALI AHMED MOHAMMAD AL ABDULAZIZ CONTRACTING EST, SAUDI

पूर्व स्वीकृति मिति : 2021/11/18 Lt No.: 250983 चलानी नं.: 60167926

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्युनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NORMAL FACTOR | 10 | [illegible] | 1000 | ३२,२०० | कम्पनीको नियमअनुसार | ८ घण्टा | ६ दिन | क. नियमअनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रोजगार दाताले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १३८९/०७४/०७५

Panda Human Resource Pvt. Ltd.

Ka.Ma.Na.Pa,04-Sukedhara, Kathmandu, Nepal

Phone: +977-01-4370541, -4370736

Email: premgiri7777@gmail.com, Web: www.pandanepal.com



**UAE मा रोजगार** | १. कम्पनी : KHIDMAH-SOLE PROPRIETORSHIP L.L.C. शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/०२ चलानी नं.: ६०१६८०२१ LT. No.: 251172

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 265 | 162 | स. काममा दक्ष | 800 | २५,८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : Al Najma Al Fareeda International Building Maintenance Llc शहरः Dubai

पूर्व स्वीकृत मितिः २०७८/ ०६/१८ चलानी नं.: ६०१६४७४४ LT. No.: 247670

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 30 | सम्बन्धित काममा दक्ष | 900 | २९,०४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 50 | 0 | | 1200 | ३८,७२४ | | | | | | | |
| 3. | rope access-level 1 | 5 | 0 | | 1800 | ५८,०८६ | | | | | | | |
| 4. | Rope Access-Level 2 | 5 | 0 | | 2500 | ८०,६७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १० गते (26 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि. श्रम इजाजत नं.: १५८ ०६७ ०६८

सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोनः ०१-४५९८१६२, ४५९३८७८, ९८१८५१०५३३